CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #७५

२४ ।७ ।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## कोरोना बीमा दावी भुक्तानी प्रकृया

बीमित डिस्चार्ज भएको वा पिसिआर नतिजा नेगेटिभ आएको १५ दिन भित्र निम्न कागजातहरु सहित दावीका लागि बिमक (सम्बन्धित बीमा कम्पनी) समक्ष पेश गर्नुपर्दछ ।

१. पूर्ण रुपमा भरिएको दावी फारम ।

२. कोरोना संक्रमण पुष्टि भएको सम्पूर्ण सक्कल कागजपत्रहरु तथा स्वास्थ्य मन्त्रालयको अभिलेख, होम आईसोलेशनमा बसेकाहरुको हकमा सम्बन्धित स्थानीय तहको सिफारिश ।

३. अस्पताल भर्ना भएको अवस्थामा चिकित्सकको लिखित परामर्श बमोजिम गरिएको औषधोपचार तथा सम्बन्धित खर्चको बील भर्पाई ।

४. अस्पताल भर्ना भएको अवस्थामा भर्ना भएको र डिस्चार्ज भएको कागजातहरु तथा तोकिएको आईसोलेशन सेन्टरमा आईसोलेशन बसेको अवस्थामा सो लिखित प्रमाण ।

५. बीमा समितिबाट जारी कोरोना बीमा मापदण्ड, २०७७ मा उल्लेखित अन्य विवरण तथा कागजपत्रहरु ।




### दावी नलाग्ने अवस्था (अपवाद)

१. बीमालेख शुरु हुनु भन्दा पहिले देखी कोरोना भाईरस संक्रमण रहेको र बीमालेख जारी भएको तिस दिन भित्र संक्रमित भएको अवस्थामा ।

२. नेपाल सरकार र अन्य सँस्थाले व्यहोरेको उपचार तथा अन्य खर्चको दादी भुक्तानी गरेमा ।

*बीमा दावी गरेको ७ दिन भित्र सम्बन्धित बीमा कम्पनीले भुक्तानी गर्नु पर्नेछ । बीमालेखको अवधी बीमाले जारी भएको मिति देखी २०७८ साल असार मसान्त सम्म हुनेछ ।*

स्रोत: http://nib.gov.np/wp-content/uploads/2020/10/Circular-6-2077.078.pdf

## नेपाल अपडेट



तिहार र छठ पर्वको लागि माटोले बनेका सामान बेच्दै जलेश्वरका कुमाल समूदायका महिलाहरु

तस्विर: राकेश प्रसाद चौधरी

### परिक्षण


पिसिआर परिक्षण: १५,०७,१९०

पोजेटिभ: १,८५,९७४

उपचाररत: ३६,५१४

मृत्यु : १०५२

सन्चो भएका : १,४८,४०८




Source: https://covid19.mohp.gov.np/#/

accountabilitylab NEPAL

# हल्ला र तथ्य



अब सबै बेरोजगार नेपालीलाई सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारी दिदैछ भन्छन नि ?

सरकारले स्थानीय तहले सूचिकृत गरेका बेरोजगार व्यक्तिलाई एक सय दिनको रोजगारी उपलब्ध गराउने भनेको छ । सो अनुसार स्थानीय स्तरमा सञ्चालन हुने आयोजनाबाट सृजना हुने रोजगारीमा बेरोजगार व्यक्तिको सूचिको पहिलो प्राथमिकतामा रहेका व्यक्तिलाई एक सय दिनको रोजगारीको सुनिश्चितता गरिसके पछि क्रमश: तल्लो प्राथमिकताक्रमको बेरोजगार व्यक्तिलाई एक सय दिनको रोजगारीमा खटाउनुपर्ने भनिएको छ । यसका लागि रोजगार आयोजनाको सूचना पाटीमा, श्रमिकको ज्याला, रोजगारीमा संलग्न हुने व्यक्तिको संख्या लगायतका विवरण सबैले बुझ्ने भाषामा सार्वजनिक गर्नु पर्नेछ।


स्रोत: https://cutt.ly/hgLWNjU



होम आईसोलेसनमा बसेका बिरामीले सरकारले अब निजि अस्पतालका स्वास्थ्यकर्मीबाट परामर्श लिनु भनेको हो ?

अहिले संक्रमण बढेसँगै होम आईसोलेशनमा बस्नेको संख्या पनि बढिरहेको छ । त्यसैले बिरामी सेवाबाट बिमुख नहुन भन्नका लागि कोभिड - १९ बाट संक्रमित भई होम आईसोलेशनमा रहेका संक्रमितहरूलाई Tele-Medicine बाट स्वास्थ्य सेवा दिने नीजि तथा गैह्र सरकारी संस्थाहरूलाई निवेदन दिन सरकारले आह्वान गरेको हो । तर यसको अनुगमन तथा निगरानी भने सरकारले नै गर्नेछ ।

स्रोत: https://dohs.gov.np/wp-content/uploads/2020/11/2077.7.19.pdf



कोभिडका कारण धरासयी भएका व्यवसायको बारेमा सरकारले चाँसो दिएन भन्ने गुनासो छ ।

कोभिड - १९ का कारण प्रभावित उद्योगहरूको संरक्षण र प्रवर्द्धनका लागि नेपाल सरकारले लिनुपर्ने आवश्यक नीति र कार्यक्रमबारे पृष्ठपोषण लिन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले विभिन्न १० वटा प्रश्नावली तयारी गरी सम्बन्धित व्यवसायीलाई अनुरोध गरेको छ । यसमा व्यवसाय कतिको प्रभावित भयो ? कतीले रोजगारी गुमाए ? अब सरकारले के गर्नुपर्ला ? लगायतका प्रश्नावली समावेश गरिएको छ । उक्त प्रश्नावली भरेर khemraajkoirala@gmail.com मा पठाउनु पर्नेछ । विस्तृत विवरण तलको लिंकमा दिईएको छ ।

स्रोत: http://moics.gov.np/uploads/shares/test/CCF_000072.pdf



सेति प्रदेशिक अस्पतालको कोरोना विशेष अस्पतालका अब एउटा बेड पनि खालि छैन भन्ने सुनिन्छ नि ।

५० बेड क्षताको अस्थायी कोरोना विशेष अस्पतालमा हाल ४९ जना कोरोना संक्रमित बिरामी छन् । संक्रमितको दर दिनानुदिन बढ्दै गईरहेको बेला कोरोना अस्पतालका सबै बेडहरु भरिएपछि अब के गर्ने भनेर अस्पताल प्रशासन र व्यवस्थापन समिति बिच छलफल चलिरहेको छ । तर, कुनै ठोस निर्णय भने भईसकेको छैन ।

स्रोत: दिलिप कुमार श्रेष्ठ, सूचना अधिकारी, सेति प्रादेशिक अस्पताल

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**
को बारेमा बुझ्न नि:शुल्क हटलाईन
viamo द्वारा प्रस्तुत


कोभिड - १९ सम्बन्धी सितैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ३,४८,८४३ संक्रमित | १,२८,८४३ संक्रमित | ८२,६२४ संक्रमित | १,३३,३७० संक्रमित | १,३७,३१० संक्रमित | १,१६,८४७ संक्रमित | ३५,४२५ संक्रमित | २७,०५० संक्रमित |
| ५,१५० नेपाली संक्रमित | २,१०० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २६,५०० नेपाली संक्रमित | ३,३५० नेपाली संक्रमित | ३०० नेपाली संक्रमित | ८१ नेपाली संक्रमित | २७ नेपाली संक्रमित |
| ८३ मृत्यु भएका नेपाली | १२ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १८ मृत्यु भएका नेपाली | ६९ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

**ShramikSanjal**

## यूएईको सोसियल मिडिया सम्बन्धी कानूनमा के छ ?



यूएईमा सन् २०१२ मा साईबर कानून आएको थियो भने, २०१९ मा सोसियल मिडिया कानून लागु भएको थियो । यस कानून अन्तरगत यदी कसैले सोसियल मिडिया (फेसबुक, यूट्युब, ट्विटर, टिक टक) को दूरूपयोग गरेमा ५ लाख दिरहाम (एक करोड पचास लाख रुपैंया) सम्म जरीवाना र जेल सजाय हुने नियम छ ।

**हामीले बुझ्नै पर्ने कुराहरु:**

१. कुनै व्यक्ती, सँस्था, धर्म, समुदायको बारेमा नराम्रो सन्देश जाने खालका कुनै पनि म्यासेज सोसियल मिडियामा पोष्ट गर्नु हुँदैन । यदी कसैले त्यस्तो पोष्ट गरेको छ भने पनि, त्यस्ता पोष्टहरुलाई सेयर गर्नु हुँदैन ।

२. यस्तै प्रकारका पोष्टमा कमेन्ट गर्ने या अन्य पोष्टमा यस्ता प्रकारका कमेन्ट गरेको खण्डमा पनि कारवाहीमा परिन्छ ।

३. कसैको फोटो अनुमती बिना पोष्ट गर्न पाईंदैन भने, भिडियो या फोटो अनुमति बिना खिच्न पनि पाईदैन ।

४. कसैले पोष्ट गरेको कुरा कपी पेष्ट गर्दा सोर्स खुलाईएन भने पनि, उजुरी परेको खण्डमा कारवाहीमा पर्न सकिन्छ ।

**www.facebook.com/shramik.sanjal** बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका **UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight)** हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००

क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००


अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च

रकम निकासा

खर्च भएको रकम




accountabilitylab NEPAL

# माईग्रेशन स्टोरी

## करार अवधी सकिदाँ पनि मनिराम स्वदेश फर्कन पाएनन्



वैदेशिक रोजगारको लागि मलेसिया गएका मनिराम खटिक भिषा सकियको ३ महिना बितिसक्दा पनि घर फर्किन सकेका छैनन्। २०१७ डिसेम्बर महिनामा गएका मनिराम कम्पनीका साहुले घर फर्कनलाई आवश्यक पर्ने कागजात र पासपोर्ट फिर्ता नगर्दा फर्कन नसकेका हुन् । नेपालगञ्ज उप-महानगरपालिका वडा नं. २२ मा स्थायी रुपमा बसोबास गर्दै आएका खटिकका परिवार पनि छोरो फर्किन नपाए पछि चिन्तित बनेकाछन् । उनी कम्पनीमा गाडी चलाउने काम गर्छन । कोरोनाका कारण कम्पनीमा थोरै मात्र कामदार छन् । त्यसैले कम्पनी मालिकले थप कामदार नआए सम्म घर फर्कन नदिने भनेकाछन् ।

बैदेशिक रोजगारमा नियमावली अनुसार करार अवधी सकिए पश्चात स्वइच्छामा घर फर्किन पाउने भनिएको छ । साधारण लेख पढ गर्ने उनी यी सबै नियम कानून बारे अनभिज्ञ छन् । हालको अवस्थामा नेपालबाट नयाँ कामदार जाने सम्भावना न्युन भएको जानकारी साथी भाईले सुनाईरहँदा उनी झन चिन्तित छन् । तिन महिना देखि उनलाई कम्पनीले खाना र बस्नको मात्र व्यवस्था गरेको छ, तर न्युनतम पारिश्रमिक पनि पाएका छैनन् ।


उनलाई अहिलेको अवस्थामा घर कसरी फर्किने भन्ने बारे कुनै प्रकृया थाहा छैन । पहिले त कम्पनीले नै उडानका लागि टिकट व्यवस्थापन गरेर नेपाल फिर्ता पठाउने गर्थ्यो, तर अहिले अवस्था फरक छ । त्यस माथी कम्पनीमा घर फिर्ताका लागि कुरा गर्दा कम्पनीले धम्की दिने गरेको छ । हाल उनी दैनिक काममा गइरहे पनि नयाँ कामदार कहिले आउलान र घर फर्किन पाउला भनेर पर्खिरहेकाछन् । उनी करार अवधी सकिए पछि स्वइच्क्षाले घर फर्कन पाउने अधिकार खोसिएका एक प्रतिनिधी पात्र मात्र हुन्।



सही सूचना

# दैनिक मृत्युदर हेर्दा संक्रमण घटिरहेको संकेत दिदैन

## नेपालमा कोभिड - १९ बाट अन्तिम ३० दिनमा दैनिक मृत्यु हुनेको संख्या




माथिको ग्राफमा नेपालमा कोभिड - १९ बाट अन्तिम ३० दिनमा दैनिक मृत्यु हुनेको संख्यालाई देखाईएको छ । अन्तिम ३० दिनमा कोभिड - १९ बाट मृत्यु हुनेको संख्या ८० प्रतिशतले बढेको छ । संक्रमित मध्ये ठुलो संख्या सरकार सिमत निगरानिमा अहिले होम आईसोलेशनमा बसिरहेको छ । यो तथ्यांकले मान्छेहरुलाई कोभिड - १९ विरुद्ध लड्न सरकारको प्रयास बाट चुकिरहेको देख्न सकिन्छ । जसले गर्दा अहिले मृत्युदर बढिरहेको देख्न सकिन्छ । अहिलेको अवस्थामा विशेष गरेर होम आईसोलेशनमा बसेका बिरामीको पहिचान गरेर तत्काल व्यवस्थापन र सहयोग गर्न जरुरी छ । त्यसै गरेर आर्थिक रुपमा कमजोरलाई आर्थिक सहयोग गर्न पनि जरुरी छ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले बिगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219